सेन्टर फर मिडिया रिसर्च – नेपाल

छलफल पत्र

श्रृंखला नं २
असोज, २०८०

# लुम्बिनी प्रदेशमा नागरिक स्वतन्त्रता

कृष्ण मल्ल

नागरिक समाजमा को/को पर्छन् भन्ने विषयमा प्राज्ञिकमाझ मतैक्य पाइँदैन । उनीहरूमाझ नागरिक समाजको 'सीमा वा चौहद्दी' बारे ठूलै मतभेद छ । कतिपयलाई सङ्कीर्ण भएको आरोप लाग्छ भने कसैलाई सीमा नखिची जोसुकैलाई पनि नागरिक समाजको घेरोभित्र ल्याएकोमा आलोचना गरिन्छ । तथापि आमरूपमा नागरिक समाजलाई स्वयंसेवी वा गैरसरकारी संस्था (एनजिओ/सिबिओ), पैरवी समूहहरु, सामाजिक आन्दोलनहरु र मानव अधिकार सङ्गठनहरूको पर्यायवाचीसरह हेरिन्छ ।

कुनै पनि संस्था नागरिक समाज हो/होइन भन्ने विवाद वा यसको चौघेराबारे लामो छलफल गर्नु भन्दा ती संस्थालाई मसिनो गरी अध्ययन गर्नु लाभदायक हुन्छ । यस्तो अध्ययन गर्दा ती संस्था कसरी स्थापना हुन पुगे, तिनले के/के गतिविधि गरे/गर्छन्, तिनले के/कस्ता भूमिका निर्वाह गरे, तिनको संस्थागत संरचना कस्तो छ भन्ने कुरालाई मिहीन विश्लेषण गर्ने हो भने सो संस्थालाई नागरिक समाज वा त्यसको अंग भन्न मिल्ने/नमिल्ने निरूपण गर्न अध्येतालाई सहज हुन्छ ।[१]

१ पराजुली, लोकरञ्जन (सम्पादक) । (२०७७) । 'नागरिक समाज : अवधारणा र नेपाली अभ्यास' 'लोकतन्त्रमा नागरिक समाज : २५ वर्षको समीक्षा (२०७७)' । मार्टिन चौतारी, काठमाडौँ, नेपाल ।

लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक समाजले आफ्नो जुझारूपना छाड्ने र समूहगत स्वार्थ तथा अन्य प्रलोभनका कारण राज्यको सहयोगीको भूमिकामा रूपान्तरण हुने गरेको पनि देखिन्छ । पछिल्लो समय त झन् अन्तर्राष्ट्रिय विकासे संस्थालगायत व्यापारिक समूह र राज्यको पनि यस्ता राज्य-सहयोगी संस्था प्रवर्धनमा रूचि देखिएको छ । यसले गर्दा नागरिक समाजले, यसका अवयवहरूले आफ्नो जुझारूपना छाडेर फगत राज्य-सहयोगीको भूमिकामा मात्र आफूलाई सीमित गर्ने देखिन्छ र त्यसले राज्यलाई अधिनायकवादतिर ढल्कन मद्दत गर्छ । यद्यपि, लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक समाजले गर्ने यी सेवाप्रदायकको भूमिकाको पनि आफ्नै महत्त्व छ ।[२]

नागरिक समाजका परिभाषा फरक फरक छन् । तथापि मुख्य गरेर नागरिक समाजभित्र निम्न वर्ग, समुदाय पर्छन् : जस्तै- (१) **पेसागत समूहहरू:** चिकित्सक, इन्जिनियर, वकिल, पत्रकार, कर्मचारी, प्राध्यापक, शिक्षक, उद्योगी आदि । (२) **दबाब समूहहरू:** अधिकारवादी संस्था, उपभोक्ता संस्था, व्यावसायिक संस्थाहरु, विद्यार्थी, धार्मिक, अल्पसङ्ख्यक आदि ।

२ ibid

**(३) अनौपचारिक समूहहरूः** इतिहासविद्, भूगर्भविद्, वातावरणविद्, शिक्षाविद्, पूर्वकर्मचारी । **(४) सामाजिक संस्थाहरूः** रेडक्रसकर्मी, रोल्टीकर्मी, लायन्स, आमा समूह आदि । **(५) अन्य बौद्धिक व्यक्तित्वहरू ।**[३]

यो अध्ययनमा यस्ता फरक फरक प्रकृतिका संस्था, समूह एवं व्यक्तिहरु जो लुम्बिनी प्रदेशमा क्रियाशील छन्, उनीहरूलाई नागरिक समाजका रूपमा लिइएको छ । लुम्बिनीमा कुनै समय क्रियाशील नागरिक समाज सङ्घीयता कार्यान्वयनसँगै निष्क्रिय देखिएका छन् । यहाँको नागरिक समाजलाई नागरिक अनुवाहरूकै भनाइमा भूमिकाहीन, दिशाहीन र विभाजित भन्न अप्ठयारो पर्दैन । संविधान बन्ने बेलामा यहाँको नागरिक समाज एकजुट भएर लुम्बिनी अञ्चललाई टुक्रन नदिने कुरामा जुन दबाब सिर्जना गर्न सकेका थिए, त्यस्तो एकता र दबाब अहिले देखिँदैन । जनसरोकारका विषयमा चासो नदिनु, आफ्नो स्वार्थअनुसार सक्रियता देखाउनु, राजनीतिक दल, जातीय समूह र स्वार्थ समूहबाट परिचालित हुनु जस्ता कारणले नागरिक समाज भनिएका समूहहरूको भूमिका कमजोर देखिन्छ ।[४]

अहिले लुम्बिनीमा नागरिक समाजको उपस्थिति बलियोरूपमा छैन । आफ्ना एजेन्डाहरु भएको अवस्थामा कतिपय संस्थाहरु सडक प्रदर्शनमार्फत दबाब सिर्जना गर्ने, न्यालीलगायतको बहस पैरवी गर्ने गरेको पाइन्छ । प्रदेशले निर्माण गर्ने विभिन्न ऐनमा समावेश गर्नुपर्ने विषयलाई लिएर सरोकारवाला पक्ष क्रियाशील हुने एवं विधेयकमा रहेका कतिपय प्रावधानको विरोध गर्ने वा सच्याउन दबाब दिने गरेको पाइन्छ । त्यस्तै उनीहरु सामाजिक न्याय र सामाजिक अधिकारका आन्दोलनमा पनि सक्रिय हुने गरेका छन् । सुशासन कायम गर्न र भ्रष्टाचारको विरोधमा समेत त्यस्ता समूहहरु सक्रियतापूर्वक लाग्ने गरेका छन् । यसका अतिरिक्त समुदायसँग जोडिएका वृक्षरोपण, रक्तदान, अन्तरक्रियालगायतका सेवामुखी अभियानमा पनि नागरिक संस्थाहरूको सहभागिता रहने गरेको छ । नागरिक समाजमा महिला र युवाहरूको सक्रियता देखिए पनि तुलनात्मकरूपमा महिलाहको उपस्थिति कम छ । यस्ता अभियानमा सीमान्तकृत समुदायको सहभागिताचाहिँ न्यून देखिन्छ ।

# नागरिक अभियानका केही अभ्यास

### घटना अध्ययन : १

नेपालगन्जमा गर्मी चर्किएका बेला विद्युत् सेवा प्रभावित भएपछि सर्वसाधारण वाक्कदिक्क बने । व्यक्तिगतरूपमा विद्युत् माग गर्दा नेपाल विद्युत् प्राधिकरण नेपालगन्ज वितरण केन्द्रले सुनुवाइ गरेन । गर्मीबाट आहत सर्वसाधारणको सारथि बन्दै बागेश्वरी असल शासन क्लबले प्राधिकरणविरूद्ध असार ३, २०८० मा आन्दोलन चर्कायो । सडकमै सुतेर नियमितरूपमा विद्युत् चाहिने माग उठाइरह्यो । परिणाम, प्राधिकरणले अहिले विद्युत् नियमित गरिरहेको छ । लामो समयदेखि उक्त संस्थाको अगुवाइ गरिरहेका बागेश्वरी असल शासन क्लबका कार्यकारी अधिकृत नमस्कार शाह भन्छन्- 'व्यक्तिगत गुनासो सुन्दै नसुनेपछि चर्को गर्मीमा प्राधिकरणकै अगाडि सुतेर विरोधको आवाज उठाएपछि विद्युत् नियमित हुन लाग्यो ।'[५] उक्त क्लबले लामो समयदेखि यस्तै सामाजिक विषय उठाउँदै आएको छ ।

भ्रष्टाचारविरूद्ध र सुशासनका पक्षमा काम गर्ने नेपालगन्जका युवाहरु मिलेर २०५७ साल मङ्सिर २४ गते यो संस्था सञ्चालनमा ल्याएका हुन् । गैरसरकारी संस्थाका रूपमा 'प्रोजेक्ट' मा आधारित कार्यक्रम समेत गर्दै आएको क्लबले सामाजिक बिषयमा बिनास्वार्थ काम गरिरहेको शाह बताउँछन् । 'कोभिडका बेला होस् चाहे बाढी पहिरो ! जनता आपत्मा परेका बेला उनीहरूको आवाज बनेर निस्कने गरेका छौँ ।' क्लबको देशभर ७७ जिल्लामा शाखा, २० उपशाखा र १ सय एकाइ छन् ।

३ ibid

४ पाठक मञ्च बुटवलका माधव गौतमसँग १३ साउन, २०८० गरिएको कुराकानीमा आधारित ।

५ बागेश्वरी असल शासन क्लबका कार्यकारी अधिकृत नमस्कार शाहसँग २० साउन, २०८० गरिएको कुराकानीमा आधारित ।

### घटना अध्ययन : २

धार्मिक विविधताको शहर नेपालगन्जमा कहिलेकाहीँ धार्मिक तनाव देखा पर्ने गर्छ । यस्तो समस्या आउन नदिन २०६३ पुसमा धर्म गुरूहरूको अन्तरधार्मिक सञ्जाल गठन गरिएको छ जहाँ उनीहरूको एकता अद्भूत देखिन्छ । कतिसम्म भने हरेक धर्म सम्प्रदायका कार्यक्रममा धर्म गुरूहरु अङ्कमाल गर्दै सद्भावको सन्देश प्रवाह गरिरहेका भेटिन्छन् । विभिन्न धार्मिक सम्प्रदायका व्यक्तिहरु बसोबास गर्ने यो शहरमा कुनै प्रकारको समस्या नआओस् भन्नका लागि धर्मगुरूहरूले नागरिकलाई समेत गोलबद्ध बनाएका छन् ।

### घटना अध्ययन : ३

नरैनापुर-५ मटैहियामा रहेको विद्युत् नोलाइटमा दक्ष र मिटर रिडिङ कर्मचारीको अभाव, समयमै र नियमित विद्युत् महसुल बुझाउन नपाएको र एकमुष्ट जरिवाना असुली गरेकोलगायतका समस्या देखियो । संवाद समूह बाँकेको टोलीले यस विषयमा नेपालगन्ज वितरण केन्द्रको ध्यानाकर्षण गरायो । विद्युत् महसुल १ दिन मात्रै लिने गरेकामा त्यसपछि २ दिन लिने वातावरण बनाइने प्रतिबद्धता व्यक्त भयो । वितरण केन्द्रबाट कर्मचारीको अभाव पदपूर्ति गर्ने र नियमित मिटर रिडिङ गर्ने व्यवस्था मिलाइयो । नागरिकका यस्ता १ सय भन्दा बढी मुद्दाको समस्या समाधानका लागि सहजीकरण गरिसकेको संवाद समूह बाँकेका संयोजक शुक्रऋषि चौलागाईँ बताउँछन् ।[६] नागरिकका आवाज बोल्ने मात्रै होइन, समस्या समाधानका लागि आवाज पनि उठाउने गरेको चौलागाईँले बताए ।

### घटना अध्ययन : ४

फातिमा फाउन्डेसन बाँके, महिला तथा बालबालिका त्यसमा पनि मुस्लिम एवं मधेसी समुदायका सवालमा निरन्तर आवाज बनिरहेको छ । मुस्लिम समुदायकै महिलाको अगुवाइमा सञ्चालन भइरहेको यो संस्थाले महिला एवं बालबालिकाका क्षेत्रमा आवाज उठाइरहेको छ । हाल अध्यक्ष रहेकी मैमुना सिद्धिकीलाई यो वर्षको भजनराम मानव अधिकार पुरस्कार प्रदान गरियो ।

### घटना अध्ययन : ५

मुक्त कमलरी विकास मञ्चले कमलरीको पक्षमा विभिन्न माग गर्दै आएको छ । मुख्यगरी उनीहरूको माग परिचयपत्र, शिक्षा र पुनःस्थापनासम्बन्धी छ । पछिल्लोपटक लुम्बिनी प्रदेशका मुख्य मन्त्री डिल्लीबहादुर चौधरीसँग २ पटक प्रत्यक्ष भेट गरी कमलरीको अवस्था र प्रदेश सरकारले सम्बोधन गर्नुपर्ने विषयका बारेमा जानकारी गराउँदा प्रदेश सरकारबाट आश्वासन आए पनि त्यसले मूर्त रूप लिइसकेको छैन । सरकारले गठन गरेको अध्ययन समितिले गरेको अध्ययनमा दाङ जिल्लाभरिमा छूट कमैयाको सङ्ख्या ३,३८५ छन् । बाँकेमा जमिन पाउनबाट १० प्रतिशत र बर्दियामा ५ हजार ५ सय ३० जना वास्तविक कमैया छुटेका छन् । छूट कमैया यति धेरै हुनुको मुख्य २ कारण छन्- १. कमैया मुक्तिको घोषणा र पुनःस्थापना थालनीको समयमा सशस्त्र द्वन्द्व चुलीमा रहेकाले परिचयपत्र प्रदान गर्ने खटाइएका कर्मचारीहरु गाउँ बस्तीमा नै नआउनु । २. परिचयपत्र पाउनका लागि कमैया पहिचान गर्ने सम्बन्धित जमिनदारको सिफारिस अनिवार्य गराउँदा कैयन् जमिनदारले मोही लाग्ला भन्ने भयले यस्तो सिफारिस गर्न नमान्नु ।

सरकारकै एक अध्ययन समितिले दाङस्थित लावाजुनी कमलरी छात्रावासको वैशाख २०८० मा निरीक्षण गर्दा त्यहाँ डिप्लोमा पढ्ने ३ जना कमलरीको अवस्था नाजुक भेट्टाएको थियो । स्नातक तहलाई पनि छात्रवृत्तिको व्यवस्था सरकारी कार्यविधिमा देखिन्छ तर यो प्रदेश कि स्थानीय सरकारले दिने ? भन्ने नीतिगत अन्योलका कारण अभिभावकबिहीन छात्राहरु शिक्षाको अवसरबाट वञ्चित भएका पाइएको छ । पछिल्लोपटक मुक्त कमलरी विकास मञ्चले आवाज उठाएपछि लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले यो समस्यालाई केही मात्रामा भए पनि सम्बोधन गरेको छ ।[७]

६ शुक्रऋषि चौलागाईँसँगको २० साउन, २०८० गरिएको कुराकानीमा आधारित ।

७ मुक्त कमलरी विकास मञ्चकी अध्यक्ष हिरा चौधरीसँगको २२ साउन, २०८० गरिएको कुराकानी आधारित ।

### घटना अध्ययन : ६

बाँकेको जानकी गाउँपालिका-२ की ३८ वर्षीया नकुन्नी धोबी र नेपालगन्ज उपमहानगरपालिका-१९ की निर्मला कुर्मीको मङ्सिर १३, २०७७ मा शङ्कास्पद मृत्यु भयो । हत्या गरिएको भन्दै घटनाको अनुसन्धान र दोषीलाई सजायको मागसहित पीडितहरु १९ दिनसम्म नेपालगन्जमा धर्ना बसे । लुम्बिनी प्रदेशको मुख्य मन्त्री कार्यालयअघि समेत धर्ना दिए । जिल्ला प्रशासन, बाँके र लुम्बिनी प्रदेश सरकारले मागमा सुनुवाइ नगरेपछि २० दिन पैदल हिँडेर न्यायका लागि नेपालगन्जबाट असोज २०७८ मा काठमाडौँ पुगे । न्यायका लागि भन्दै धर्नामा बसेका बेला माइतीघर मण्डलाबाट पक्राउ परे । उनीहरूले हिरासतभित्रै भोक हड्ताल गरेका थिए । रूवी खानले यसको नेतृत्व गरेकी थिइन् ।

### घटना अध्ययन : ७

२०६४ साउन ३१ गते २३ जिल्लाका ४५० जना वादी प्रतिनिधिको सहभागितामा काठमाडौँमा भेला भई पहिलो राष्ट्रिय सम्मेलन सम्पन्न भयो। सम्मेलनबाट गठित राष्ट्रिय वादी अधिकार सङ्घर्ष समितिले साउन ३२ बाट ४८ दिनसम्म आन्दोलन गऱ्यो । २०६४ भदौ ४ गते वादी समुदायले सिंहदरवारको दक्षिणी गेटमा निषेधाज्ञा तोडेका थिए । वादी महिलाले सत्ताविरूद्ध अर्धनग्न प्रदर्शन गरे। प्रहरी दमनकै बीच राष्ट्रिय वादी अधिकार सङ्घर्ष समितिकी अध्यक्ष उमादेवी वादी अर्धनग्न भएर सिंहदरबारको गेट चढिन् र सरकारको लाचारीपन र निर्लज्जतालाई चुनौती दिएकी थिइन् । यही आन्दोलनकै कारण लुम्बिनी प्रदेशस्थित दाङको घोराही नगरपालिकाभित्र रहेका वादी समुदायको बस्तीको पेसा र दैनिकी बदलिएको छ । अहिले उनीहरूमा राजनीतिक र आर्थिक सचेतना बढेको छ । महिलाहरु पेसा परिवर्तन गरी सिपमूलक कामको बाटोमा हिँड्ने प्रयास गरिरहेका छन् ।

### घटना अध्ययन : ८

केही अभिभावकले बुटवलका संस्थागत (निजी) विद्यालयले शुल्क बढी असुलेको विषयमा जेठ २०८० मा आवाज उठाए । अघिल्लो शैक्षिक सत्र भन्दा थप शीर्षकमा विद्यालय शुल्क लिने भनेपछि अभिभावक एकजुट भएका थिए । विद्यालयहरूले स्वास्थ्य परीक्षण, नृत्यलगायतका विषयमा शुल्क लिनेगरी अगाडि बढेका थिए । एक निजी विद्यालयमा उठेको गुनासोको विषय विस्तारै अरु अभिभावक हुँदै नगरभर फैलियो जसपछि अभिभावकहरु गोलबन्द भए । उनीहरु सामाजिक सञ्जालबाट गोलबन्द हुँदै भौतिकरूपमा नगरपालिकासम्म गुनासो लिएर पुगे । अभिभावकको यो सचेतनाले बुटवल उपमहानगरपालिकाको ध्यान आकृष्ट भयो । उपमहानगरले नगर शिक्षा ऐनमा भएको शुल्कसम्बन्धी व्यवस्थालाई आधार मानेर विद्यालयलाई क, ख र ग वर्गमा वर्गीकरण गरी शैक्षिक सत्र २०८० का लागि शुल्क निर्धारण गरेको छ ।

### घटना अध्ययन : ९

लुम्बिनीले प्रदेश वन ऐन २०७८ मा समूहले उपभोक्ताभित्र र बाहिर काठ बेच्दा २५ प्रतिशत कर तोकेको छ । आन्तरिक र बाह्य दुवै करको विरोध गरिरहेको सामुदायिक वन उपभोक्ता महासङ्घ लुम्बिनीले उपभोक्तामाथि नै २५ प्रतिशत कर तोकिनु वन जोगाउने भन्दा पनि मास्ने नियत प्रष्ट भएको आरोप लगाएको छ । यसबाट संरक्षणको काम गरिरहेका सामुदायिक वनलाई करको बोझ मात्र थोपरिएको भन्दै सामुदायिक वन उपभोक्ता महासङ्घले विरोध गर्दै आएको छ ।

सामुदायिक वनमा सङ्घ, प्रदेश र स्थानीय तहबाट गरी तेहेरो कर लगाउने र वन पैदावारको सदुपयोगमा रोक लगाउने नियम बनाएकाले त्यसलाई हटाउन माग गर्दै महासङ्घबाट धर्ना, जुलुस, ज्ञापनपत्र पेस गर्ने जस्ता आन्दोलन गरिएको थियो । समूहबाहिर काठ ओसार पसार गर्दा वनको समेत दोहोरो टाँचा लगाउनुपर्ने, खनिज पदार्थको नाममा जथाभावी उत्खनन् गर्न पाउने नियम फेर्नुपर्ने माग छ । नेपालमा सामुदायिक समृद्धिसहितको दिगो विकासका लागि सामुदायिक वन उपभोक्ता समूह एउटा केन्द्रविन्दु बन्दै आए पनि सामुदायिक वनको अग्रगामी मार्गमा खासगरी राज्यबाट विभिन्न नीतिगत समस्याहरु सिर्जना गरिँदै आएका छन् ।[८]

---

८ सामुदायिक वन उपभोक्ता समिति महासङ्घ, लुम्बिनी प्रदेशका अध्यक्ष ठाकुर भण्डारीसँग २० असार, २०८० गरिएको कुराकानी आधारित ।

### घटना अध्ययन : १०

लुम्बिनी प्रदेशले समाजिक सस्ंथा दर्तासम्बन्धी जारी गरेको ऐनमा भएको झन्झटिलो प्रावधान, दर्ता गर्दा तजविजी अधिकारलगायतका प्रावधान समावेश गरेपछि यसको विरोध भयो । पछि यसको कार्यान्वयन पनि हुन सकेन । अन्य प्रदेशको कुनै जिल्लामा दर्ता भएका कुनै संस्थाले यस प्रदेशभित्रका कुनै जिल्ला वा स्थानीय तहमा काम गर्नुपरेमा यो ऐनबमोजिम दर्ता हुनुपर्ने, यसरी दर्ता भएका संस्थाले आफूले काम गर्ने स्थानीय तहमा समेत सूचीकृत हुनुपर्ने जस्ता झन्झटिला प्रावधानका कारण ऐनलाई लिएर विरोध भएको हो ।

त्यस्तै, संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा दर्ता गरी दर्ताको प्रमाणपत्र दिने जस्तो तजविजी अधिकार, प्रदेश सरकारले दिएको निर्देशन पालना नगरेमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्ने, मन्त्रालयले संस्थालाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुने जस्ता नियन्त्रणमुखी प्रावधानका कारण पनि विरोध भएको हो ।

सामाजिक संस्थाले सरकारको निर्देशनअनुरुप काम गर्नुपर्ने अवस्था देखिएको छ । यस किसिमको प्रावधानका कारण सरकारले सामाजिक संस्थामाथि जुनसुकै बेला पनि हस्तक्षेप गर्न सक्नेछ (पाठक र पाण्डे, २०७९) । प्रेस तथा नागरिक स्वतन्त्रता सूचाकाङ्क (२०७९) का अनुसार लुम्बिनी प्रदेशमा सामाजिक संस्थामाथिको हस्तक्षेपको मात्रा ३.४६ छ जबकि समग्र प्रदेशहरूको हस्तक्षेपको औषत मात्रा भने ३.६४ छ ।

सङ्घ/संस्था दर्ता र नवीकरणका विषयमा लुम्बिनी प्रदेश सरकार र सङ्घीय सरकारबीच द्वन्द्व भएको पाइएको छ । प्रदेश कानुन बनाएर प्रदेश सरकारले सङ्घ/संस्था दर्ता र नवीकरण नगर्न लुम्बिनी प्रदेशमा रहेका सङ्घअन्तर्गतका १२ वटै जिल्ला प्रशासनमा पत्राचार गऱ्यो । जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुले प्रदेश सरकारको निर्देशन मान्यो पनि । तर प्रदेश सरकारले दर्ता र नवीकरण गरेका संस्थालाई केन्द्रमा रहेको समाज कल्याण परिषद्ले प्रदेश सरकारको दर्ता र नवीकरणका आधारमा सङ्घ संस्था दर्ता र नवीकरण गरिदिएन अर्थात मान्यता दिएन । यसबाट कपिलवस्तुमा रहेका केही सङ्घ/संस्था झन्झट बेहोर्न बाध्य भए ।

अर्कोतर्फ जिल्ला प्रशासन कार्यालय, रूकुम पूर्वले प्रदेश सरकारको निर्देशन पालना गर्ने वा नगर्ने भन्ने विषयमा सङ्घीय गृह मन्त्रालयलाई पत्राचार गऱ्यो । त्यसपछि गृह मन्त्रालयले देशभरका जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरी सङ्घको उक्त अधिकार हाल सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रयोग गरेकाले साविकबमोजिम नै उक्त अधिकारहरु प्रयोग गर्नू भनी पठाएको थियो । पत्रमा गृह मन्त्रालयले भन्यो- 'संस्था सम्बन्धित अधिकार संविधानको अनुसूची ५ देखि ९ सम्मका एकल साझा अधिकारको सूचीमा समावेश भएको देखिँदैन । संविधानको धारा ५८ ले अवशिष्ठ अधिकार सङ्घलाई प्रदान गरेको सन्दर्भमा त्यस्तो एकल साझा सूचीमा नपरेको वा संविधानले कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको प्रस्तुत संस्था दर्ता सम्बन्धित अधिकार नेपाल सरकार (सङ्घ) मा नै रहेको देखिन्छ । सङ्घको उक्त अधिकार हाल सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रयोग गरेकाले साविकबमोजिम नै उक्त अधिकारहरु प्रयोग गर्नू' भनी निर्देशन भएको बेहोरा मिति २०७६/०७/०६ मा मन्त्रीस्तरीय निर्णयानुसार अनुरोध छ ।[९]

सेन्टर फर मिडिया रिसर्चको पछिल्लो तथ्याङ्कअनुसार असार २०८० सम्ममा लुम्बिनी प्रदेशमा रहेका १०९ वटा स्थानीय तहमध्ये २९ वटामा सङ्घ/संस्था दर्तासम्बन्धी कानुन बनेको पाइन्छ ।[१०]

सङ्घीय सरकारले २०७६ सालमा ल्याएर विवाद भएपछि अघि नबढाएको सामाजिक संस्थाको स्थापना, दर्ता तथा सञ्चालनसम्बन्धी कानुनको संशोधन तथा एकीकरण गर्न ल्याइएको सामाजिक संस्था ऐन विधेयकका विवादित विषयहरु स्थानीय सरकारले ल्याएको सामाजिक संस्था दर्तासम्बन्धी ऐनमा समेटिएको छ । गैसस र अन्तर्राष्ट्रिय गैससहरूले केन्द्रदेखि स्थानीय सरकारसम्म दर्ता,

---

९ गैरसरकारी संस्था महासङ्घ, लुम्बिनी प्रदेशका अध्यक्ष गोविन्द रेग्मीसँग ५ असार, २०८० गरिएको कुराकानी आधारित ।

१० सेन्टर फर मिडिया रिसर्च नेपाल । २०८० । स्थानीय तहमा मिडिया र संस्थासम्बन्धी बनेका कानुन । https://nepalpolicy.org/visualization/table-chart/

अभिलेखीकरण र प्रगति विवरण बुझाउनुपर्ने प्रावधान होस् वा दर्ता गर्ने प्रक्रियामा स्थानीय अधिकारीको विवेक र तजविजीसम्बन्धी प्रावधानदेखि जरिवाना, नवीकरणमा झन्झटिला प्रावधान आफैँमा नियन्त्रणमुखी प्रावधान हुन् ।[११]

**घटना अध्ययन : ११**

लुम्बिनी प्रदेश सरकारले सञ्चार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ ल्याएको छ । तर विधेयकमा पत्रकारहरूको असहमति कायमै छ । नेपाल पत्रकार महासङ्घ, लुम्बिनी प्रदेशले यो विधेयकको विषयमा पटक-पटक छलफल गर्नुका साथै लिखितरूपमा सुझावसमेत दिएको थियो । विधेयकमा रहेका प्रावधानको करिब ४० प्रतिशत विषय परिवर्तन गरिनुपर्ने पत्रकार महासङ्घको अडान छ । विधेयकमा मुख्यगरी अध्यक्षको काम, कर्तव्य र अधिकार, सेवा/सुविधा खुम्च्याएर सञ्चार रजिस्ट्रारको अधिकार फराकिलो बनाइएको छ । अध्यक्षको कार्यकाल कति हुने, कसरी हट्ने भन्ने विषयमा अन्योल छ । विधेयकको ड्राफ्टमा मन्त्री नै अध्यक्ष हुने प्रावधान रहने गरी विधेयक तयारी भएको र पछि बाहिरका व्यक्ति अध्यक्ष बन्ने प्रावधान बदलिएपछि भित्रका विषयमा फेरबदल गर्न छुटेको देखिन्छ ।

# प्रेस स्वतन्त्रता सङ्कुचित गर्ने कदम

प्रदेश सरकारले सञ्चार माध्यम ऐन २०७८ पारित गरे पनि त्यसमा रहेका केही प्रावधान प्रेस स्वतन्त्रता सङ्कुचित गर्ने किसिमका छन् । इजाजतपत्र रद्द गर्न सक्ने, सामग्री प्रसारणमा रोक लगाउन सक्ने, प्रकाशन, प्रसारण र सम्प्रेषण गर्न नहुने र दण्ड तथा जरिवानाको व्यवस्था प्रेस सङ्कुचन गर्ने किसिमका छन् । जस्तो- ऐनको दफा ४४ को उपदफा (३) मा यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको विपरित कुनै कार्यक्रम प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्ने उल्लेख छ । यसका साथै ऐनमा अनलाइन सञ्चार माध्यममा प्रकाशित वा प्रसारित कुनै सामग्री संविधान वा कानुन विपरीत रहेको जानकारी प्राप्त भएमा त्यस्तो सामग्रीको प्रकाशन वा प्रसारणमा रोक लगाउन सक्ने व्यवस्था छ । त्यसो त विभिन्न कसुरमा १० हजार रूपियाँ जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजायको व्यवस्था पनि ऐनमा छ । यस किसिमको ऐन बनाउँदा सरोकारवालाहरूसँग छलफल र समन्वय नगरिएको पत्रकार महासङ्घका पदाधिकारीहरु बताउँछन् ।[१२] प्रेस तथा नागरिक स्वतन्त्रता सूचकाङ्क (२०७९) का अनुसार मिडियामा लुम्बिनी प्रदेशमा हस्तक्षेपको मात्रा ३.३८ छ जुन समग्र प्रदेशको औषत स्कोर भन्दा ज्यादा हो ।[१३]

यति मात्र होइन, स्थानीय तहमा पनि नियन्त्रणकारी प्रावधान अगाडि बढाइएको छ । लुम्बिनी प्रदेशमा रहेका १०९ वटा स्थानीय सरकारमध्ये ३६ वटा सरकारले मिडियासम्बन्धी कानुन बनाएका छन् । सेन्टर फर मिडिया रिसर्च नेपालले १९ वटा स्थानीय सरकारले जारी गरेको ऐनलाई आधार बनाएर गरेको एक अध्ययनअनुसार कतिपय स्थानीय सरकारले जारी गरेको ऐनमा संविधानविपरितका प्रावधानसमेत छन् । नमुना कानुनमा उल्लिखित संवैधानिक प्रावधान विपरितका दफादेखि अस्पष्ट रहेका विषयलाई स्थानीय तहले हुबहु नक्कल गरेका छन् । अर्कोतर्फ नमुना कानुनमा देखिएका भाषिकदेखि संरचनागत त्रुटिहरूलाई पनि अधिकांश स्थानीय तहले दोहोऱ्याएका देखिन्छ ।[१४]

११ सेन्टर फर मिडिया रिसर्च नेपाल । (जेठ २०७९) । स्थानीय तहमा संस्था दर्ता गर्न बनेका ऐनहरूको समीक्षा तथा सुझावहरु । नीतिपत्र शृङ्खला नं. २९ ।

१२ नेपाल पत्रकार महासङ्घ, लुम्बिनी प्रदेशका अध्यक्ष वसन्त गिरीसँग २९ असार, २०८० गरिएको कुराकानीमा आधारित ।

१३ पाठक तिलक र उज्वल प्रजापति । (२०२२) । प्रेस तथा नागरिक स्वतन्त्रता सूचकाङ्क । सेन्टर फर मिडिया रिसर्च-नेपाल, काठमाडौँ ।

१४ सेन्टर फर मिडिया रिसर्च नेपाल र पाल्पा विकास केन्द्र । २०७६ । स्थानीय तहको मिडिया नीति तथा कानुन । सङ्घीय सरकारले स्थानीय तहलाई पठाएको नमुना कानुन र प्रदेश ५ का स्थानीय तहहरूले जारी गरेका एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधिमाथि टिप्पणी र सुझाव ।

## सङ्घीय कानुन बेवास्ता गर्दै प्रदेश र स्थानीय तह

प्रदेश र स्थानीय सरकारले बनाउने कानुनमा नेपालको संविधान विपरित दण्ड र जरिवानाको प्रावधान राखिएको लुम्बिनी प्रदेशको गृह मन्त्रालयका कानुन उपसचिव खिमानन्द ज्ञवाली बताउँछन् ।[15] उनका अनुसार कानुन बनाउने क्रममा अधिकार क्षेत्रको स्पष्टता नहुँदा प्रदेश र स्थानीय तहले अधिकार क्षेत्र मिच्दै कानुन बनाइरहेका छन् । फौजदारी अभियोगसँग सम्बन्धित दण्ड र जरिवाना तोक्ने अधिकार सङ्घ सरकारलाई मात्रै संविधानले दिएको र फौजदारी अभियोगको दण्ड र जरिवाना प्रदेशगत र स्थानीय तहगतरुपमा फरक नहुने उपसचिव ज्ञवालीको तर्क छ ।[१६]

## दबाबमा नागरिक स्वतन्त्रता

सङ्घीयताको कार्यान्वयनसँगै प्रदेश सरकार र नागरिक समूहबीच द्वन्द्व देखिएको छ । कानुन निर्माणका क्रममा सम्वाद र समन्वय नहुँदा समुदायमैत्री कानुन निर्माण नभएको गुनासो नागरिक समाजको छ । त्यसो त निर्माण भएका कानुन कार्यान्वयनमा समेत समस्या देखिएको छ । त्यसको उदाहरण सङ्घ/संस्था दर्ता तथा नवीकरण, खानी, सञ्चार माध्यमसम्बन्धी ऐन, वन ऐन, वातावरण ऐन, पालिकाको बैठकसम्बन्धी ऐन, स्थानीय सरकारका पदाधिकारीको सेवा/सुविधासम्बन्धी ऐन जस्ता दर्जन भन्दा बढी कानुनमा सरोकारवाला र सरकारबीच द्वन्द्व देखिएको हो ।

कर्मचारीको काम देखाउने चाहना, सरकारको काम गर्ने हतारो, प्रदेश सांसदको कानुन निर्माणको चासो र ज्ञानमा कमी जस्ता कारणले प्रदेशका कानुन कार्यान्वयनमा विवाद देखिएका हुन् । नागरिकलाई ऐन नियमबाट शासन गर्ने सोच सरकारले राख्नु र नागरिकलाई कानुन निर्माण प्रक्रियामा समेट्न नसक्नु नै मुख्य समस्या हो । केही विधेयकह संसद्बाट फिर्ता गरी त्यसका विषयमा देखिएको विवाद समाधानको प्रयत्न पनि गरिएको छ । तर धेरैजसो ऐन, कानुन,

निर्देशिकाहरुको हकमा सरकारले नै कार्यान्वयनमा चासो नदिँदा विवाद मत्थर भए जस्तो देखिएको हो ।[१७]

## नागरिक समाजको प्रभाव कम

कसलाई नागरिक समाज मान्ने ? कसलाई विकासे एनजिओ मान्ने भन्ने ठूलो दोधार छ । अहिले लुम्बिनी प्रदेशमा नागरिक समाजको भूमिका कमजोर देखिन्छ । नागरिक समाज सङ्गठित छैन । समाजमा हुने गरेका अनेकौं विकृति, विसङ्गतिमा सामाजिक सञ्जाल र पत्रपत्रिकामा नागरिक समाजबाट टिकाटिप्पणी हुने गरेको छ । तर त्यसको कमै मात्र प्रभाव परेको देखिन्छ । जस्तो विकास निर्माण र सरकारी कामकाजमा ढिलासुस्ती हुने गरेका भनी नागरिक समाजबाट आलोचना भए पनि वर्षौंसम्म ती निकायमा सुधार भएको छैन । नागरिक समाजको कमजोर भूमिका भएकै कारण सरकारी र निजी सेवाप्रदायक संस्थाहरु सेवा प्रवाहमा जिम्मेवार भएका छैनन् । नागरिक समाज खबरदारी, नेतृत्व र सचेतनामा मात्र लाग्नुपर्छ र समाजका खास मुद्दाहरुमा आपसमा विभाजित नभई एकै ठाउँमा उभिन सक्नुपर्छ ।[१८]

१५ लुम्बिनी प्रदेशको गृह मन्त्रालयका कानुन उपसचिव खिमानन्द ज्ञवालीसँग २५ भदौ, २०८० गरिएको कुराकानीमा आधारित ।

१६ संविधानको अनुसूची ५ को आधार नै फौजदारी अभियोगमा प्रदेश र स्थानीय तहले दण्ड र जरिवाना तोक्न नपाउने प्रावधान भएको उनको दाबी छ । उक्त अनुसूचीको धारा ५७ (१) मा सङ्घको अधिकार अनुसूची ५ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकार प्रयोग यो संविधान र सङ्घीय कानुनबमोजिम हुनेछ भनिएको छ । अनुसूचीको ५ (९) मा दण्ड र जरिबाना तोक्ने विषय उल्लेख छ ।

१७ अध्येता युवराज कँडेलसँग २५ साउन, २०८० गरिएको कुराकानीमा आधारित ।

१८ अध्येता युवराज कँडेलसँग २५ साउन, २०८० गरिएको कुराकानीमा आधारित ।

# बदलिँदो राजनीतिक परिवेश, राजनीतिक संरचना

पछिल्लोपटक जनताकै कुरा उठाउने नागरिक समाज निष्क्रिय देखिन्छ । मिडियाहरु सशक्त बन्न सकिरहेका छैनन् । परिवर्तनका लागि गीत र सङ्गीतबाट जागरण ल्याउनेहरु यो विधालाई महत्त्व नदिने, प्रयोग गरे पनि आफूअनुकूल विशेषगरी चुनावमा मात्र प्रयोग गर्ने चलन बढेर गएको छ । पेसा, व्यवसायका आधारमा समूह बनाउने र तिनै समूह नै नागरिक समाजका रुपमा देखिन थालेका छन् । यस्ता समूहले न नागरिकको प्रतिनिधित्व गर्छन् न त नागरिकका कुरा नै जोड्न सक्छन् । नागरिक समाज प्रभावकारी र पत्यारिलो नहुनुमा दलगत व्यक्तिको उपस्थिति र संलग्नताले असर गरिरहेको हो । मुख्यतः नागरिक समाजले नागरिकका समस्या उठाउने, सरकारकै काममा औँला उठाउने र झक्झकाउने काम गर्नुपर्थ्यो तर त्यो हुन सकिरहेको छैन ।

अहिले लुम्बिनीमा नागरिक समाजको उपस्थिति बलियो छैन । आफ्ना एजेन्डाहरु भएको अवस्थामा कतिपय संस्थाहरुले सडक प्रदर्शनमार्फत दबाब सिर्जना गर्ने, र्‍यालीलगायतको बहस पैरवी गर्ने गरेको पाइन्छ । प्रदेश सभाले विधेयकहरु निर्माण गर्दा सरोकारवाला पक्ष क्रियाशील हुने, कतिपय प्रावधानको विरोध गर्ने र सच्याउन दबाब दिने गरेको पाइन्छ । सुशासनको पक्षमा आवाज उठाउनेदेखि भ्रष्टाचारकै विरोधलगायत व्यावसायिक मुद्दा, जस्तै- वृक्षरोपण, रक्तदान, अन्तरक्रियालगायतका सेवामुखी अभियानमा नागरिक संस्थाहरु सहभागी भएका देखिन्छ । तुलनात्मकरुपमा महिलाको सङ्ख्या कम भए पनि यो बढ्दो छ । तर उक्त अभियानहरुमा सीमान्तकृत समुदायको सहभागिता भने न्यून छ । अभियानमा उक्त वर्गलाई सबैले प्रोत्साहन गरेर सहकार्य गर्ने गरेका छन् । महिला र युवा लक्षित कार्यक्रमहरु आयोजना भएका पाइन्छ । यद्यपि प्रभावकारिता र कार्यान्वयनको पक्ष भने फितलो छ । भौतिकरुपमा उपस्थित रहेर छलफल गरी सामाजिक अभियान गर्ने स्वरुपमा पछिल्लो समय केही परिवर्तन हुन थालेको छ । अहिले सामाजिक सञ्जाल र अनलाइन मिडियाहरुको प्रयोग बढाएको पाइएको छ । अभियानको विषयमा छलफल गर्न, जुट्न र अभियानमा भएको गतिविधि प्रचारप्रसार गर्न सामाजिक सञ्जालको प्रयोग बढेको छ ।

# अबको बाटो

नागरिक अधिकारबारे आवाज उठाउन संस्था गठन गरी वा समूह बनाइ सोबारे बोल्न र वकालत गर्ने अधिकार संविधानतः सुरक्षित छ । तर सङ्गठितरुपमा उठेका यस्ता आवाज र क्रियाकलाप ऐनद्वारा नियन्त्रण गर्न र दाहोरो करको मारमा पार्न प्रदेश र स्थानीय तह अग्रसर देखिन्छन् । तिनै तहका सरकार तथा सरकारी स्वामित्वका संस्थाहरुलाई खबरदारी गर्ने, सचेत बनाउने र सुझाव दिने काम नागरिक समाजले गर्नुपर्थ्यो । यति मात्र नभएर नागरिक सचेतना जगाएर आफ्नो काम, कर्तव्य र अधिकारप्रति नागरिकलाई जिम्मेवार बनाउने काम पनि गर्न सक्नुपर्छ ।

सङ्घीयताअगाडि कानुनहरुको निर्माण सङ्घमा मात्रै हुन्थ्यो । अहिले कानुन निर्माण र कार्यान्वयनको प्रक्रिया प्रदेश र स्थानीय तहसम्म पुगेको हुँदा नागरिकहरुको उपस्थिति र खबरदारी सङ्घ, प्रदेश र स्थानीय तहसम्म देखिएको छ । तसर्थ नागरिक सक्रियता ३ तहमै जरुरी छ । नागरिकको खबरदारी आवश्यकता देखिरहँदा अर्कोतिर नागरिक अभियान कमजोर बनिरहेको छ । अभियन्ताहरुको सक्रियता देखिँदैन । राजनीतिक मुद्दाको परिवर्तनसँगै नागरिक अगुवाहरु काम सकिएको ठानिरहेका छन् । राजनीतिक परिवर्तनपछि दीप प्रज्वलन गरी जिम्मेवारी पूरा भएको ठान्ने मात्रै होइन, त्यसपछि ती राजनीतिक दलले के/कसरी काम गरिरहेका छन् भनेर खबरदारी गरिनुपर्छ । कतिपय नागरिक अगुवाहरु राजनीतिक दलसँग आबद्ध हुँदै नागरिक अगुवाको पहिचान गुमाइसकेका पनि छन् । नागरिक आन्दोलन बलियो बनाउने हो भने नागरिक समाज खबरदारी, नेतृत्व र सचेतनामा मात्र लाग्नुपर्छ र समाजका खास मुद्दाहरुमा आपसमा विभाजित नभई एकै ठाउँमा उभिन सक्नुपर्छ ।

अबको दिनमा नागरिक अभियानलाई बलियो बनाउने हो भने विद्यालय स्तर बालबालिका र समुदाय स्तरमा अभिभावकका लागि नागरिक शिक्षाका कार्यक्रम सञ्चालन हुन जरूरी छ । सामाजिक सञ्जालको प्रयोगमा वृद्धि भइरहेको र मिथ्या सूचनाको प्रकोप समाजमा पर्न थालेको अवस्थामा अबको शिक्षा यसतर्फ पनि जरूरी छ । मुख्य गरेर सामाजिक सञ्जालको प्रयोगको सिप, तथ्य सूचनाको पहिचान र कानुनी पाटोलाई केन्द्रित गर्न सकिन्छ । अर्कोतर्फ सरकारहरूले बनाएका ऐन/नियमबारे कानुनी साक्षरता र छलफल पनि उत्तिकै आवश्यक छ । अझ बनाइएका ऐन/कानुनको स्वतन्त्ररूपमा अध्ययन गर्ने र नागरिकलाई असजिलो पार्ने प्रावधान खारेज र सुधार गर्ने काममा लाग्न पनि उत्तिकै आवश्यक छ । त्यसका लागि नागरिकका क्षेत्रमा काम गर्ने संस्था, नागरिक समूहहरु मात्र होइन, मिडिया समूह र पत्रकारहरु पनि नागरिक आन्दोलनमा सहकार्यका अङ्ग बन्न सक्छन् ।

सेन्टर फर मिडिया रिसर्च-नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिँदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**
पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल
रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।
इमेलः cmrnepal@butmedia.org
वेभः research.butmedia.org